लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बालबालिका, विकास र शान्तिका लागि लौरियट्स एण्ड लिडर्स शिखर सम्मेलनको सचिवालय

राप्ती उपत्यका, देउखुरी, नेपाल

**प.सं. :- ०८०/८१**

**च.नं. :- लौ.सचिवालय/ १००६**

मिति:२०८०/१०/२९

श्री प्रदेश योजना आयोगको सचिवालय,
राप्ती उपत्यका, देउखुरी।

**विषयः स्वयंसेवक छनौट तथा परिचालन मापदण्ड पठाइएको सम्बन्धमा।**

प्रस्तुत विषयमा मिति २०८० साल फागुन २८ र २९ (2024 March 11 & 12) सम्म लुम्बिनीमा हुने "Laureates & Leaders for Children: Development & Peace Summit, 2024" शिखर सम्मेलनमा स्वयंसेवक छनौट तथा परिचालनका लागि "बालबालिका, विकास र शान्तिका लागि लौरियट्स एण्ड लिडर शिखर सम्मेलनका लागि स्वयंसेवक छनौट तथा परिचालन मापदण्ड, २०८०" प्रदेश सरकार (मा. मुख्यमन्त्रीस्तर) को मिति २०८०।१०।२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा अनुरोध छ।

संलग्नः- उपर्युक्त मापदण्ड

.......................
देवीराम भण्डारी
अधिकृत सातौं
(मो.नं. ९८५७८७५०२८)
Emai - landlsummit@gmail.com

मिति:२०८०/१०/२९

# बालबालिका, विकास र शान्तिका लागि लौरियट्स एण्ड लिडर शिखर सम्मेलनका लागि स्वयंसेवक छनौट तथा परिचालन मापदण्ड, २०८०

बालबालिका, विकास र शान्तिका लागि लौरियट्स एण्ड लिडर्स शिखर सम्मेलन, २०२४ को निर्देशक समितिको मिति २०८०।०९।१२ को निर्णयानुसार लुम्बिनी प्रदेश योजना आयोगलाई प्रदान गरिएको कार्य जिम्मेवारी वमोजिम आवश्यक स्वयंसेवकको छनौट, परिचालन तथा व्यवस्थापन गर्न बान्छनीय भएकोले यो मापदण्ड तयार गरिएको छ।

**१. नाम तथा प्रारम्भ :**

क. यस मापदण्डको नाम "बालबालिका, विकास र शान्तिका लागि लौरियट्स एण्ड लिडर्स चौथो शिखर सम्मेलन स्वयंसेवक छनौट तथा परिचालन मापदण्ड, २०८०" रहेको छ।

ख. यो मापदण्ड मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा :**

क. "आयोग" भन्नाले लुम्बिनी प्रदेश योजना आयोगलाई सम्झनुपर्दछ।

ख. "सचिवालय" भन्नाले लुम्बिनी प्रदेश योजना आयोगको सचिवालयलाई सम्झनुपर्दछ।

ग. "निर्देशक समिति" भन्नाले बालबालिका, विकास र शान्तिका लागि लौरियट्स एण्ड लिडर्स चौथो शिखर सम्मेलनको समग्र व्यवस्थापन तथा समन्वय गर्न गठित निर्देशक समितिलाई सम्झनुपर्छ ।

घ. "छनौट समिति" भन्नाले बालबालिका, विकास र शान्तिका लागि लौरियट्स एण्ड लिडर्स चौथो शिखर सम्मेलनमा परिचालन हुने स्वयंसेवकको छनौट गर्न दफा ३(२) बमोजिम गठित समितिलाई सम्झनुपर्दछ।

**३. छनौट प्रक्रिया :** शिखर सम्मेलनका लागि स्वयंसेवकको व्यवस्था गर्न देहाय बमोजिमको प्रक्रिया अवलम्वन गरिनेछ:

**१. सूचना प्रकाशन:** सचिवालयले सात दिनको समय दिएर राष्ट्रिय स्तरका पत्रपत्रिका र वेभसाइट मार्फत स्वयंसेवक छनौटका लागि दरखास्त आह्वान गर्नेछ ।

२. **छनौट समितिः** दरखास्त आह्वान बमोजिमको म्यादभित्र प्राप्त आवेदन र सो साथ संलग्न कागजात/योग्यता परीक्षण गरी संक्षिप्त सूची तयार गर्ने र अन्तर्वाताबाट मूल्याङ्कन गरी सिफारिस गर्ने देहाय बमोजिमको छनौट समिति रहनेछः

१. संयोजक- सम्बन्धित क्षेत्र हेर्ने सदस्य, आयोग
२. सदस्य - अधिकृतस्तर प्रतिनिधि, अर्थ मन्त्रालय
३. सदस्य सचिव - प्रशासकीय प्रमुख, लम्बिनी प्रदेश योजना आयोगको सचिवालय

यस समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ।

३. **योग्यताः** (क) देहाय बमोजिम योग्यता भएको नेपाली नागरिकले स्वयंसेवकका लागि आवेदन दिन सक्नेछः

१. २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको।
२. नेपाली र अंग्रेजी भाषा स्पष्टसँग बोल्न र लेख्न जान्ने।
३. बालबालिका, विकास तथा शान्तिको क्षेत्र र संघ/संस्था, क्लवमा यसअघि स्वयंसेवक भई काम गरेकोलाई प्राथमिकता दिइने छ ।
४. आधुनिक सुचना प्रणाली, ह्वाट्सएप, गुगलम्याप तथा इमेल आदिको वारेमा राम्रो दख्खल भएको।
५. लुम्बिनी परिसरको भौगोलिक स्थितिको बारेमा ज्ञान भएको ।
६. मान्यताप्राप्त शिक्षण संस्थावाट कम्तिमा स्नातक उतिर्ण गरेको र सो भन्दा माथिको योग्यतालाइ प्राथमिकता दिइने छ।

(ख) उपर्युक्त योग्यता भएकालाई स्वयंसेवकको रुपमा आवेदन दिन सार्वजनिक विश्वद्यलयसँग समेत समन्वय गरिनेछ।

४. **छनौटको आधारः** छनौट समितिले कुल पूर्णाङ्क ३५ कायम गरी देहायका आधारमा स्वयंसेवक छनौट गरी संक्षिप्त सुची तयार गर्नेछः

अ. आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्राप्ताङ्क वापत २५ अंक

आ. भौगोलिक बसोवास वापत : ५ अंक (भौगोलिक वसोवास वापतको अंक प्रदान गर्दा देहायका आधारमा गरिनेछ :

रुपन्देही, कपिलबस्तु र नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्लावासी - ५
अन्य जिल्लावासी - ३)

इ. दफा ३(३) बमोजिम अनुभव भएकोलाई २ अङ्क

ई. दफा ३(४) को सीप वापत १ अङ्क

उ. दफा ३(६) को अतिरिक्त न्युनतम योग्यता भन्दा माथिको योग्यता भएकोलाई २ अंक

शैक्षिक योग्यता वापतको अंक प्रदान गर्दा देहायका आधारमा गरिनेछ :

| प्राप्ताङ्क जिपिए/सिजिपि | प्राप्ताङ्क प्रतिशतमा | शैक्षिक योग्यता वापत कायम गरिने अङ्क |
|---|---|---|
| ३.८१-४.०० | ९५.०१-१०० | २५ |
| ३.६१-३.८० | ९०.०१-९५ | २४ |
| ३.४१-३.६० | ८५.०१-९० | २३ |
| ३.२१-३.४० | ८०.०१-८५ | २२ |
| ३.०१-३.२० | ७५.०१-८० | २१ |
| २.८१-३.०० | ७०.०१-७५ | २० |
| २.६१-२.८० | ६५.०१-७० | १९ |
| २.४१-२.६० | ६०.०१-६५ | १८ |
| २.२१-२.४० | ५५.०१-६० | १७ |
| २.०१-२.२० | ५०.०१-५५ | १६ |
| १.८१-२.०० | ४५.०१-५० | १५ |
| १.६१-१.८० | ४०.०१-४५ | १४ |

**५. संक्षिप्त सुची** : तोकिएको अवधि भित्र प्राप्त आवेदनहरुमध्ये न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र र भूगोललाई निर्धारण गरेको अंकको कुल योगफलका आधारमा संक्षिप्त सूची तयार गरिनेछ । आवस्यक संख्याभन्दा चालिस प्रतिशतमा नबढने गरि संक्षिप्त सूची तयार गरिनेछ।

**४. अन्तर्वार्ता सम्बन्धी व्यवस्था**

क. अन्तरवार्ताको पूर्णाङ्क २० अंकको हुनेछ र उत्तिर्णाङ्क ४० प्रतिशत रहने छ । अन्तरवार्तामा ७० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अंक दिदाँ प्रष्ट रुपमा कारण उल्लेख गर्नुपर्ने छ । यसरी ७० प्रतिशतभन्दा बढी र ४० प्रतिशत भन्दा कम अंक दिदा अन्तर्वार्ता समितिका ५० प्रतिशत

सदस्य भन्दा बढीले कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र सो अङ्क मान्य हुनेछ । अन्यथा बढीमा ७० प्रतिशत र कम्तिमा ४० प्रतिशत अंक मानी गणना गरिनेछ । अन्तरवार्तामा प्राप्त अंक गणना गर्दा समितिका सदस्यले प्रदान गरेको अंकको औसत कायम गरी गणना गरिनेछ।

ख. छनौट समितिले अन्तरवार्ता लिइ अन्तर्वार्तामा प्राप्त अङ्कको योग्यताक्रमका आधारमा स्वयंसेवकहरुको छनौट गरी सिफारिस गर्नेछ।

ग. खण्ड (ख) को सिफारिस बमोजिम स्वयंसेवकको करार आयोगको सचिवालयको सचिवले गर्नेछ।

घ. छनौट भएका स्वयंसेवक आयोगले तोकेको समयमा करारपत्र लिन नआएमा वैकल्पिक योग्यताक्रममा रहेकासँग करार गरिनेछ । वैकल्पिक योग्यता क्रम तयार गर्दा कम्तिमा वीस प्रतिशत अतिरिक्त स्वंयमसेवक सिफारिस गर्नु पर्नेछ ।

**५. सेवा सुविधा**

क. दफा ४ बमोजिम करार भएका स्वयंसेवकलाई बालबालिका, बिकास र शान्तिका लागि लौरियट्स एण्ड लिडर्स चौथो शिखर सम्मेलनमा पूर्णकालिन रुपमा खटाइने छ ।

ख. स्वयंसेवकको अधिकतम सेवा अवधि १५ दिनको हुनेछ ।

ग. स्वयंसेवकको निर्वाह भत्ताको लागि प्रदेश सरकारको नायव सुब्बा वा सो सरहको मासिक तलवमानलाई आधार मानिने छ।

घ. स्वयंसेवक अभिमुखिकरण तालिमको लागि आतेजाते यातायात खर्च वापत रु. १,०००।- र कार्यक्रम स्थलसम्म जानआउनका लागि आतेजाते यातायात खर्च वापत रु. १,००० ।- दिइनेछ।

**६. विविध**

क. बालबालिका, विकास र शान्तिका लागि लौरियट्स एण्ड लिडर्स चौथो शिखर सम्मेलनमा स्वयंसेवकको काम, कर्तव्य र जिम्मेवारीका वारेमा स्वयंसेवकलाई अभिमुखीकरण र आवश्यकतानुसार तालिमको व्यवस्था गरिने छ।

ख. स्वयंसेवकलाई प्रचार प्रसारमा सघाउ पुर्याउने उदेश्यले सम्मेलनको नाम र लोगो सहितको टीसर्ट, क्याप र झोला वितरण गर्न सकिने छ ।

ग. नियुक्त भई नियमित कामकाज गरेका स्वयंसेवकलाई आयोगवाट अनुभवको प्रमाणपत्र प्रदान गरिने छ ।

घ. आयोगले यस्तै प्रकृतिका अन्य कार्यहरुमा स्वयंसेवकहरुको परिचालन गर्दा यो मापदण्डलाई आधार लिन सक्नेछ ।